मन्थली नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

# मिति २०८१ साल भाद्र १६ गते बसेको मन्थली नगरपालिकाको कार्यपालिकाको ३१ औं वैठकका निर्णयहरु

## निर्णय नं. १

कार्यपालिकाको अघिल्लो ३० औं वैठकमा भएका निर्णय र सो सम्वन्धमा भएको कार्य प्रगति वारे छलफल तथा समीक्षा गरियो । अघिल्लो वैठकका निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक पाईयो ।

## निर्णय नं. २

चालु आ.व. २०८१/८२ मा उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजना कार्यन्वयनका लागि देहाय बमोजिमको कार्यतालिका पारित गरी कार्यान्वयनमा लैजाने ।

(क) उपभोक्ता समिति गठन २०८१ कार्तिक मसान्तसम्म

(ख) उपभोक्ता समितिसँग कार्यसम्पादन सम्झौता २०८१ मंसिर मसान्तसम्म

(ग) कार्यसम्पन्न र भुक्तानी २०८१ चैत्र मसान्तसम्म

## निर्णय नं. ३

मन्थलि नगरपालिकाको विधेयक समितिवाट यस अघिको वैठकमा पेश भएका देहाय बमोजिमका मस्यौद्रा कार्यविधि र नीति परिमार्जन सहित पारित गर्ने ।

१. मन्थली नगरपालिकाको वहाल कर व्यवस्थापन कार्यविधि २०८१

२. मन्थली नगरपालिकाको पर्यटन वोर्ड गठन तथा व्यवस्थापन कार्यविधि २०८१

३. मन्थली नगरपालिकाको वाल संरक्षण नीति २०८१

## निर्णय नं. ४

मन्थली नगपालिकाको आर्थिक सहायता कार्यविधि २०७९ संशोधनको मस्यौदा तयारी गर्न सैद्धान्तिक सहमती प्रदान गर्ने ।

०८१/०५/१८

मन्थली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

निर्णय नं. ५

बागमती प्रदेश सरकारको चालु आ.व. २०८१/८२ को नीति, कार्यक्रम र बजेट मार्फत मन्थली नगरपालिकाबाट सञ्चालित मन्थली नगर अस्पताललाई प्रदेश अस्पताल बनाउने बागमती प्रदेश सरकारको निर्णयका लागि बागमती प्रदेश सरकारप्रति धन्यवाद ज्ञापन गर्दै प्रदेश अस्पताल सञ्चालनका लागि आवश्यक परेमा नगर अस्पतालको स्वामित्वमा रहेका भौतिक पूर्वाधार, जनशक्ति तथा जिन्सी सामाग्रीहरु प्रदेश अस्पताललाई हस्तान्तरण गर्ने ।

निर्णय नं. ६

बागमती प्रदेश सरकार र मन्थली नगरपालिकाको साझेदारीमा निर्माण भएको मन्थली नगरपालिका वडा नं. १ को चिस्यान केन्द्र (शित भण्डार) हालसम्म नगरपालिकामा हस्तान्तरण नभएकाले चिस्यान केन्द्र (शीत भण्डार) निर्माणको बाँकि कार्य सम्पन्न गरी हस्तान्तरणका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने ।

निर्णय नं. ७

मन्थली नगरपालिका वडा नं. २ मा निर्माण हुँदै गरेको कभर्ड हलको निर्माण कार्य हालसम्म सम्पन्न नभई अलपत्र अवस्थामा रहेकाले यथाशक्य चाँडो सम्पन्न गराई नगरपालिकामा हस्तान्तरणका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने ।

निर्णय नं. ८

मन्थली नगरपालिकाका वडा नं. ६ र वडा नं. १२ को वडा कार्यालय भवन निर्माणको स्थान चयन र जग्गा प्राप्तीको कार्य हालसम्म हुन नसकेको कारण वडा कार्यलय भवन निर्माण हुन बाँकि रहेकाले सर्वदलीय सर्वपक्षीय सहमतिको आधारमा जग्गा प्राप्तीको प्रक्रिया अगाडि बढाउन सम्बन्धित वडा समितिलाई निर्देशन दिने ।

निर्णय नं. ९

यस नगरपालिकाको नगरकार्यपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था, शैक्षिक संस्था लगायतका निकायहरुको लिलामी गर्नु पर्ने जिन्सी सामाग्रीको लगत तयारी गरी प्रचलित कानुन बमोजिम लिलामीको प्रक्रिया तत्काल अगाडि बढाउन निर्देशन दिने ।

०७/०८/१८

CS CamScanner

PAGE NO.............................

DATE

मन्थली नगरपालिका नगर कार्यपालिकाको कार्यालय मन्थली, रामेछाप बागमती प्रदेश, नेपाल

निर्णय नं. १०

यस नगरपालिकाभित्र रहेका खोला नदीमा पुल नभएका कारण आवात जावतमा समस्या भएका स्थानहरुको पहिचान गरी झोलुङ्गे पुल निर्माणका लागि सिफारिस गरी पठाउन सबै वडाहरुमा निर्देशन दिने ।

निर्णय नं. ११

अपाङ्गता परिचय पत्र नविकरणका लागि वडागत शिविर सञ्चालन गरी सम्वन्धित वडाबाट नै परिचयपत्र नविकरण हुने व्यवस्था मिलाउने ।

निर्णय नं. १२

मन्थली नगरपालिका वडा नं. १ मा रहेको खड्ग दल गण मन्थली गुल्मका लागि आवश्यक सैनिक आवास गृहको लागि लगत स्टमेटको लागि आवश्यक निर्माण सामाग्री खरिदमा सहयोग उपलब्ध गराउने अधिकार नगर प्रमुखलाई प्रत्यायोजन गर्ने ।

निर्णय नं. १३

सम्वन्धित वडा समितिको निर्णय सहितको सिफारिसका आधारमा सामाजिक सुरक्षा भत्ता नविकरणका कार्य अगाडि वढाउने र अनुसुचीको ढाँचामा विवरण तयार गरी नगरपालिकाको पञ्जिकरण शाखामा उपलब्ध गराउने।

निर्णय नं. १४

मन्थली नगरपालिका वडा नं. ६ मा निर्माण हुने फोहोरमैला प्रशोधन केन्द्रको प्रारम्भिक वातावरणीय परीक्षणको कार्य तत्काल शुरु गर्न आवश्यक प्रक्रिया अगाडि वढाउने ।

निर्णय नं. १५

मन्थली नगरपालिकाका १४ वटा नै वडाका प्रमुख वजार क्षेत्रहरुमा तत्काल सडक वत्ती व्यवस्थापन गरिदिन नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक मार्फत नेपाल विद्युत प्राधिकरणलाई अनुरोध गर्ने ।

०९/०८/१६

निर्णय नं. १६

मन्थली नगर क्षेत्रभित्र रहेका जग्गाको भूउपयोग क्षेत्र वर्गिकरणका लागि तयार भएको मापदण्ड बमोजिमको कित्तागत विवरण तयारीको कार्य यथाशक्य शिघ्र सम्पन्न गर्न प्रक्रिया अगाडि बढाउने ।

निर्णय नं. १७

सम्पती कर, भूमिकर लगायतको राजश्व संकलनको कार्य सम्वन्धित वडाबाट संकलन गर्ने कार्यको शुरुवात भएतापनि अझै केही वडाबाट प्रभावकारी रुपमा राजश्व संकलन हुन नसकेकाले सवै वडाहरुबाट राजश्वको संकलनको कार्य प्रभावकारी रुपमा संकलन गर्न निर्देशन दिने ।

निर्णय नं. १८

मन्थली नगरपालिकाका वडा कार्यालय तथा नगरपालिका अन्तर्गतका निकायहरुमा जडान गरिएको एरोनेटको सेवा प्रभावकारी नभएको, कतिपय स्थानमा सेवा नै वन्द रहेको र कतिपय स्थानमा नेटवर्कले राम्रोसँग काम नगरिरहेको , अधिकाँस स्थानमा सेवा नै अवरोध गर्ने जस्ता कार्य भएकाले एरोनेटको सेवा नियमित र प्रभावकारी वनाउन नेपाल दुरसञ्चार प्राधिकरण र सम्वन्धित एरोनेटको कार्यालयमा अनुरोध गर्ने ।

निर्णय नं. १९

सार्वजनिक जग्गाको विवरण संकलन र अतिक्रमित जग्गाको विवरण संकलनको कार्य सम्बन्धित वडा कार्यालयहरुबाट भइरहेकोमा प्राप्त विवरणको आधारमा अन्य निकायहरुको समेत सहयोगमा अतिक्रमित जग्गा छुटयाई सार्वजनिक जग्गा संरक्षणको कार्य तत्काल अगाडि बढाउने ।

निर्णय नं. २०

विपदको कारण भएको क्षतिको सम्वन्धित वडा कार्यालयहरुबाट प्राप्त विवरण नगरपालिकाको वातावरण तथा विपद व्यवस्थापन समितिमा पेश गरी आवश्यक निर्णय लिन नगरपालिकालाई निर्देशन दिने ।

०७/०८/१७